आज मिति २०७३ साल जेष्ठ ३० गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री काशीराम गैरे, र.न.पा. कार्यालय | द |

**अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| १. | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय | द |
| २. | योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय | द |
| ३. | सा.वि. शाखा प्रमुख श्री तेजेन्द्रनाथ लामिछाने, र.न.पा. कार्यालय | द |
| ४. | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय | द |
| ५. | भूकम्प सुरक्षा तथा नक्सा शाखा, ई.श्री राजु अर्याल, र.न.पा. कार्यालय | द |
| ६. | आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय | द |
| ७. | जिन्सी तथा खरिद व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय | द |
| ८ | राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय | द |
| ९. | सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय | द |
| १०. | ने.न.क.ए. इकाई समिति रत्ननगरका अध्यक्ष श्री राजेन्द्र महतो | द |
| ११. | सव ईन्जिनियर श्री शंकर बहादुर कुँवर | द |

**निर्णयः**

**निर्णय नं. १:** श्री जन प्रगति सहकारी संस्था, रत्ननगर १८ को गोदाम घर मर्मतका लागि यस न. पा. को आ. व. २०७२।०७३ को संघ संस्था लागत साझेदारी शिर्षकबाट व्यय हुने गरी रु. १०,०००।- (दश हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २:** शसस्त्र प्रहरी वल गढीमाई गण, भण्डारालाई प्रतिक्षालय निर्माणका लागि स न. पा. को आ. व. २०७२।०७३ को संघ संस्था लागत साझेदारी शिर्षकबाट व्यय हुने गरी रु. १०,०००।- (दश हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३:** गायत्री हरिहर मन्दिर संरक्षण गर्न न. पा. बाट प्राविधिक सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४:** नेपाल टेलिकम, दुर संचार कार्यालय, रत्ननगरको मिति २०७३।०१।३० च. नं. ५९६ को पत्रानुसार स्वागत तथा सुचना बोर्ड राख्न रत्ननगर न. पा. वडा नं. १७, चित्रसारी पुल पारी उपयुक्त स्थान हेरी उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५:** रत्ननगर न. पा. वडा नं. ७ मा निर्माण गरिएको पशुहाट बजार गोठ संचालनका लागि भाडामा पाउँ भनी रजहर ४ नवलपरासी निवासी श्री ठाकुर प्रसाद रिजालले निवेदन पेश गरेकोमा न. पा. लाई थप व्ययभार नपर्ने गरी मासिक रु. ४०,०००।- (चालिस हजार मात्र) मा उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६:** यस न. पा. आ. व. २०७२।०७३ को तेश्रो तथा अन्तिम चौमासिक अवधिको सार्वजनिक सुनुवाई मिति २०७३।०३।२९ गते बुधबारका दिन संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** यस न. पा. को नगर प्रोफाईल पुनरावलोकनका लागि आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८:** यस न. पा. को आवधिक योजना पुनरावलोकनका लागि आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ९:** नगरपालिकाको क्षेत्र विस्तार भै साविक बछौली गाविस गाभिएकाले सो क्षेत्रको फोहोर संकलन गर्न न. पा. मा भएको ढुवानी साधन कमी भएको कारण कठीनाई भैरहेको हुँदा २०७३ जेष्ठ १३ गतेदेखि मासिक रु. ६०,०००।- (साठी हजार मात्र) मा रत्ननगर न. पा. १९ बस्ने वमिया महतो थारुको ट्र्याक्टर भाडामा लिई सो क्षेत्रको फोहोर व्यवस्थापन गरिएकोमा सोलाई अनुमोदन गरी निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १०:** यस न. पा. को आ. व. २०७२।०७३ को मासु पसल तथा वधशाला व्यवस्थापन शिर्षकबाट रत्ननगर २ स्थित तरकारी बजार व्यापारिक कवल मुल ढोका निर्माण कार्यको खर्च रु. ६७,५३६।- (सत्सठ्ठी हजार पाँचसय छत्तीस मात्र) वरावर रकम विनियोजन गर्ने निर्णय गरियो ।